मिति:२०८२-०८-१८ बैठक संख्या:६

प्रस्तावहरु:

१. तिनाउ र दानव नदीका विभिन्न घाटमा खोला हेरालु राख्ने सम्बन्धमा।
२. च्याङ्ठा पशु हाटबजारको चौकिदारको पारिश्रमिक सम्बन्धमा।
३. घुम्ती शिविर सन्चालन सम्बन्धमा।
४. चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई सम्बन्धमा।
५. दयानगर खानेपानीको योजना सम्बन्धमा।
६. शैक्षिक भ्रमणको लागि आर्थिक सहायता सम्बन्धमा।
७. माछा महोत्सव सम्बन्धमा।
८. परसौनीमा रहेको मदरसामा स्वयंसेवक बाल कोटा सम्बन्धमा।
९. इस्लामिया मदरसाको धार्मिक कार्यक्रम सम्बन्धमा।
१०. ब्रेथ लाइजर उपलब्ध गराउने सम्बन्धमा।
११. रिभाइज IEE तथा कार्ययोजना स्वीकृत सम्बन्धमा।
१२. विविध आर्थिक तथा सामाजिक सहायता सम्बन्धमा।
१३. जनता आ.वि. सियारी-१ को स्काउट कार्यक्रमको भुक्तानी सम्बन्धमा।
१४. शिक्षक पदस्थापन सम्बन्धमा।

मितिः२०८२-०८-१८ बैठक संख्याः६

**निर्णयहरुः**

| **क्र.स.** | **निर्णयको संक्षिप्त व्यहोरा** |
|---|---|
| १ | सियारी गाउँपालिका अन्तर्गत पर्ने तिनाउ र दानव नदीको नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रणको लागि कार्यालयबाट आय ठेक्का व्यवस्थापन नहुँदासम्मको लागि दैनिक रु.६७०/ का दरले पारिश्रमिक उपलब्ध गराउने गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका देहायका व्यक्तिहरुलाई खोला हेरालुको रुपमा कामकाजमा लगाउने ।<br>देहायः<br>१. रन्जय राम केवट, सियारी-७, रुपन्देही, ना.प्र.न.३७३०३३।२६७ (तिनाउ नदी, भर्थापुर घाट)<br>२. राम नयन भर, सियारी-४, रुपन्देही, ना.प्र.न.३७३०३३।१०५ (दानव नदी)<br>३. संजय लोध, सियारी-४, रुपन्देही, ना.प्र.न.३७-०१-७६-००८५८ (दानव नदी)<br>४. तुलाराम यादव, सियारी-३, रुपन्देही, ना.प्र.न.१०६१३ (तिनाउ नदी, सितापुर र भैँसाखादर घाट)<br>५. सुनिल कुर्मी, सियारी-३, रुपन्देही, ना.प्र.न.३७-०३-७३-०७०८१ (तिनाउ नदी, सितापुर र भैँसाखादर घाट)<br>६. बच्चन बेल्दार, सियारी-३, रुपन्देही, ना.प्र.न.३७-०१-७८-१०४८६ (तिनाउ नदी, सितापुर घाट)<br>७. विकास नाउ, सियारी-४, रुपन्देही, ना.प्र.न.३७-०१-७६-१३५२३ (दानव नदी, खैरहनी घाट) |
| २ | निर्णय नं ३. सियारी-२ च्याङ्ठा पशु हाट बजार रेखदेख तथा संरक्षणको लागि चौकिदारको रुपमा कार्यरत श्री शंकर नायकको चालु आ.व.को पारिश्रमिक भुक्तानी बाँकी रहेकोले सम्वत् २०८२ श्रावण देखि मंसिर मसान्तसम्मको लागि सेवा निरन्तरता गरी मासिक रु.१५,०००/ का दरले पारिश्रमिक भुक्तानी दिने । साथै, च्याङ्ठा पशु हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधिमा आवश्यक संशोधन गरी यथाशिघ्र पशु हाट बजार संचालनमा ल्याउने । |
| ३ | सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, नागरिकमुखी र नागरिक समक्ष सरल र सहज सेवा पहुँचको सुनिश्चित गर्ने उद्देश्यले विभिन्न सेवाहरुको एकीकृत घुम्ती शिविर मितिः २०८२ मंसिर २८ गतेदेखि प्रत्येक वडामा १/१ दिन संचालन गर्ने । |
| ४ | आ.व.२०८२/०८३ को प्रथम चौमासिक प्रगति समिक्षा कार्यक्रम मितिः२०८२ मंसिर २६ गते शुक्रबार बिहान १०:१५ बजेदेखि संचालन गर्ने र सो पश्चात् ११:३० बजेदेखि प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने । |
| ५ | दयानगर खानेपानी पाइपलाइन बिस्तारको लागि विनियोजित बजेटबाट कार्य गर्नको लागि सम्बन्धित संस्थासँग सम्झौता गरी कार्य अगाडी बढाउने । |

| | |
|---|---|
| ६ | सियारी गाउँपालिका अन्तर्गत संचालित तपसिलमा उल्लिखित सामुदायिक विद्यलायका विद्यार्थीहरुको शैक्षिक भ्रमणको लागि आर्थिक सहयोग माग भएकोले शैक्षिक भ्रमणको लागि देहाय अनुसार आर्थिक सहायता उपलब्ध गराउने।<br>तपसिलः<br>१. जंगहत्था मा.वि. सियारी-३ – रु.१० हजार<br>२. पब्लिक मा.वि. सियारी-४ – रु. १५ हजार |
| ७ | सियारी गाउँपालिकाको पहिचानको रुपमा परिचित माछा सुपर जोनको थप प्रचार प्रसारको लागि आर्थिक विकास शाखाको जिम्मेवारीमा सम्वत् २०८२ माघ १ देखि ७ गतेसम्म सियारी-४ मा रहेको पब्लिक मा.वि.को मैदानमा माछा महोत्सव संचालन गर्ने। |
| ८ | मदरसा तालिमुल कुरान अल्सल्फीया, सियारी-४, परसौनीमा बालविकास कक्षामा बालबालिकाको संख्या बढी रहेको र उर्दु विषयको पठनपाठनको लागि शिक्षक अभाव रहेको भनी व्यवस्थापनको लागि माग भइ आएकोमा महिला स्वयंसेवक, बाल कोटामा १ जना महिला शिक्षकको व्यवस्थापन गर्ने। |
| ९ | इस्लामिया मदरसा अहले सुन्नत गरीब नवाज, सियारी-३, बोहरवाले मोहम्मद जयन्तीको अवसरमा विविध कार्यक्रम संचालन गर्दा लागेको खर्च रकम भुक्तानीको लागि रु.२५ हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने। |
| १० | जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको च.नं.३६५३ मितिः२०८२/०८/१२ को पत्रानुसार सवारी दुर्घटना न्यूनीकरणमा आवश्यक सहयोगार्थ २ थान ब्रेथ लाइजर खरिद गरी स्थानीय प्रहरी प्रशासनलाई उपलब्ध गराउने। |
| ११ | युनिभर्सल ईञ्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड बिल्डर्सले पेश गरेको सियारी गाउँपालिका अन्तर्गत पर्ने तिनाउ नदी र दानव नदीका विभिन्न घाटहरुको नदीजन्य पदार्थको परिमाण पुनरावलोकन प्रतिवेदन (Quantity Revise Report) र सम्बन्धित घाटहरुको कार्य योजना समेत स्वीकृत गर्ने र तपसिलमा उल्लेखित घाटहरुको नदीजन्य पदार्थ व्यवस्थापनको लागि तत्काल आय ठेक्का आह्वान गर्ने।<br>तपसिलः<br>तिनाउ नदीकोः भर्थापुर घाट (सियारी-७), कनरी घाट(सियारी-७,३), सितापुर घाट (सियारी-३), समयमाई घाट (सियारी-१)<br>दानव नदीकोः छपिया घाट (सियारी-४), धमसर घाट (सियारी-४) |
| १२ | विविध।<br>क. दोस्रो शुद्धोधन उद्योग वाणिज्य कृषि पर्यटन तथा सांस्कृतिक महोत्सव-२०८२ संचालनार्थ रु.२० हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने। |

| | |
|---|---|
| | ख. सियारी-४ मा रहेको जल उपभोक्ता समिति cww31 को टि ओ डी विद्युत मिटर खरिद तथा जडान कार्यको रु. ५० हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने।<br>ग. सियारी-४ बस्ने तेरस चाइको उपचारको लागि रु.१० हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने।<br>घ. सियारी-६ सर्जुगंज बस्ने सिंह राज थारुलाई श्रीमतीको पित्त थैलीको शल्यक्रिया तथा उपचारको लागि रु.७ हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने।<br>ङ. मर्चवार लिफ्ट सिंचाई, जल उपभोक्ता समितिलाई सभा संचालनमा लागेको खर्च रकम भुक्तानीको लागि रु.१० हजार आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने।<br>च. सियारी-७ बस्ने बुद्धि प्रसाद भट्टराईको घरको टिनको छाना लगाउनको लागि रु.७,५००/ विपद् व्यवस्थापन कोष शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने।<br>छ. सियारी-४ र ६ का नागरिकहरुको निती, कार्यक्रम तथा अन्य क्षेत्रसँग सम्बन्धित विषयवस्तुको जानकारी र सचेतनाको लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने प्रयोजनार्थ क्रमशः रु ५०/५० हजार विविध कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने।<br>ज. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको सवारी चलाउने २ जना हलुका सवारी चालकहरुलाई अतिरिक्त समय समेत सवारी लिएर हिंड्नुपर्ने हुँदा विगतका वर्षहरु देखि मासिक रु.४,०००/ का दरले उपलब्ध गराउँदै आएको अतिरिक्त भत्ता चालु आ.व.मा पनि उपलब्ध गराउने। |
| १३ | जनता आ.वि. सियारी-१ को स्काउटको कार्यक्रम संचालन खर्च योजना पुस्तिकाको पाना नं.५७ सि.नं.९० को विद्यालयहरुमा स्काउट कार्यक्रम शिर्षकबाट भुक्तानी दिने। |
| १४ | छपिया आ.वि.मा कार्यरत प्रा.वि. तह तृतीय श्रेणीका शिक्षक श्री केदार मौर्यलाई सोही विद्यालयमा र सिद्धार्थ मा.वि. का श्री भविन्द्र ज्ञवालीलाई सोही विद्यालयमा पदस्थापन गर्ने। |